नेपाल सरकार
रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरबार, काठमाडौं, नेपाल

# प्रेस विज्ञप्ति

माननीय रक्षामन्त्री श्री मानवीर राईसँग आज मिति २०८१ चैत्र १३ गते नेपालका लागि जापानका नवनियुक्त आवासीय महामहिम राजदूत Maeda Toru ले रक्षा मन्त्रालयमा शिष्टाचार भेट गर्नुभयो । भेटका अवसरमा नेपाल र जापानबीच दशकौँदेखि रहिआएको मैत्रीपूर्ण सम्बन्धलाई आगामी दिनमा अझ प्रगाढ बनाउँदै द्विपक्षीय हितलाई थप प्रवर्द्धन गर्ने विषयमा छलफल भयो।

माननीय रक्षामन्त्री श्री मानवीर राईले महामहिम राजदूतलाई मन्त्रालयमा स्वागत गर्नुहुँदै नेपाल र जापानबीच सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता सरकारी स्तरमा मात्र नभई जनस्तरमा समेत घनिष्ठ र सौहार्दपूर्ण सम्बन्ध रहँदै आएको र यो सम्बन्ध दिनानुदिन प्रगाढ बन्दै गएको कुरा बताउनुभयो। उहाँले जापान नेपालको एउटा पुरानो, भरपर्दो र असल मित्र भएको कुरा उल्लेख गर्नुहुँदै नेपालमा सडक पूर्वाधार, जलविद्युत्, कृषि, स्वास्थ्य सूचना प्रविधि लगायतका क्षेत्रको विकासका लागि जापान सरकारले उपलब्ध गराएको महत्त्वपूर्ण सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो। साथै, आगामी दिनमा पनि जापान सरकारबाट यस किसिमको सहयोग उपलब्ध भइरहने विश्वास व्यक्त गर्नुभयो। माननीय मन्त्रीज्यूले जापानमा हालका वर्षहरूमा विभिन्न पेसा व्यवसायमा नेपालीहरूको संख्या र उपस्थिति बढ्दै जानुले पनि दुई देशबीचको सौहार्दपूर्ण सम्बन्ध दिनानुदिन बलियो बन्दै गएको कुरालाई पुष्टि गर्छ भन्नुहुँदै नवनियुक्त जापानी राजदूतको नेपाल बसाइ सफल र स्मरणीय रहोस् भन्ने कामना गर्नुभयो।

शिष्टाचार भेटका क्रममा जापानका महामहिम राजदूत Maeda Toru ले मन्त्रालयमा न्यानो स्वागतका लागि हार्दिक धन्यवाद व्यक्त गर्नुहुँदै जापान र नेपाल दुई देशबीच रहँदै आएको सुमधुर सम्बन्धलाई आफ्नो कार्यकालमा अझ घनिष्ठ बनाउन सक्दो प्रयास गर्ने कुरा बताउनुभयो। नेपालको आर्थिक सामाजिक विकासमा जापानले विगतदेखि उपलब्ध गराउँदै आएको सहयोगलाई आगामी दिनमा पनि निरन्तरता दिन आफ्नो तर्फबाट सहयोग गर्ने कुरा व्यक्त गर्नुहुँदै महामहिम राजदूतले नेपालले संयुक्त राष्ट्रसंघको आह्वानमा विभिन्न द्वन्द्वग्रस्त मुलुकमा शान्ति सैनिक खटाई विश्वशान्ति स्थापना कार्यमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो।

उक्त शिष्टाचार भेटका अवसरमा रक्षा मन्त्रालय तथा परराष्ट्र मन्त्रालयका अधिकारीहरूका साथै जापानी राजदूतावासका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो।

२०८१/१२/१३

(मनोजकुमार आचार्य)
सहसचिव/प्रवक्ता